जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday @gmail.com

बर्ष १३ • अंक १५८ • २०८२ चैत्र १६ गते सोमवार • 30 Mar. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# संघीय संरचनालाई व्यवहारमै बलियो बनाउन ठोस कदम चाल्न मांग

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १५ चैत्र



मधेश प्रदेश सभाको छैटौं अधिवेशन अन्तर्गत आइतबार बसेको १४ औं बैठकमा प्रदेश सभा सदस्यहरूले नवगठित सरकारप्रति उच्च अपेक्षा व्यक्त गर्दै संघीय संरचनालाई व्यवहारमै बलियो बनाउन ठोस कदम चाल्न माग गरेका छन् ।

बैठकमा बोल्ने अधिकांश सांसदहरूले संविधानले दिएको अधिकार अझै पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको भन्दै प्रदेशलाई अधिकार सम्पन्न बनाउन दलगत स्वार्थभन्दा माथि उठेर सहकार्य गर्नुपर्नेमा जोड दिएका थिए ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले) मधेश प्रदेश संसदीय दलका नेता सरोजकुमार यादवले संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउने दायित्व वर्तमान सरकारको काँधमा रहेको उल्लेख गर्दै आफ्नो पार्टीले रचनात्मक सहयोग गर्ने प्रतिबद्धता जनाए । उनले सरकारलाई प्रतिशोधपूर्ण राजनीति नगरी विधि र कानुनअनुसार अघि बढ्न सुझाव दिए । साथै, मधेश प्रदेशलाई अन्य प्रदेशको तुलनामा कम प्राथमिकता दिइएको आरोप लगाउँदै जनमतअनुसार विकास र बजेट विनियोजन हुनुपर्ने धारणा राखे ।

त्यस्तै, प्रदेश सभा सदस्य जयनुल राईनले प्रदेश सरकारको कार्यसम्पादनप्रति प्रश्न उठाउँदै बहुवर्षीय योजनाहरू अझै अधुरै रहेको उल्लेख गरे । उनले ती योजनाहरूलाई शीघ्र सम्पन्न गरी जनतामा विश्वास जगाउन सरकार गम्भीर हुनुपर्ने बताए । प्रदेश सांसद चन्दनकुमार सिंहले संघीयताको मर्मअनुसार प्रदेशको पहिचान र अधिकार सुनिश्चित गर्न दीर्घकालीन योजना आवश्यक रहेको बताए । उनले संघीय संरचनालाई व्यवहारमा उतार्न नीति र कार्यक्रम प्रभावकारी हुनुपर्ने धारणा व्यक्त गरे ।

यसैबीच, सांसद जिवछी कुमारी यादवले सामाजिक विकृतिका रूपमा रहेको दाइजो प्रथालाई अन्त्य गर्न सरकारको ध्यानाकर्षण गराउँदै महिलामाथि हुने हिंसा नियन्त्रणमा प्रभावकारी नीति ल्याउनुपर्नेमा जोड दिइन् । सांसद ललिता दासले मधेशी दलित समुदायलाई राज्य संरचनामा समुचित प्रतिनिधित्व नदिइएकोप्रति असन्तुष्टि व्यक्त गर्दै समावेशी शासनको प्रत्याभूति गराउन सरकारलाई आग्रह गरिन् । त्यसैगरी, सांसद कौशल रायले विगतका सरकारहरूले सुरु गरेका तर अधुरा रहेका योजनाहरू पूरा नगरेसम्म जनअपेक्षा पूरा नहुने उल्लेख गर्दै नयाँ सरकारले परिणाममुखी काम गर्नुपर्ने बताए । बैठकमा सहभागी सांसदहरूले प्रदेश स्थापना भएको आठ वर्ष बितिसक्दा पनि संघीयताको प्रभाव जनताले पूर्ण रूपमा अनुभूति गर्न नसकेको गुनासो गरे । उनीहरूले नवगठित सरकारलाई अधिकार हस्तान्तरण, नीति कार्यान्वयन र सुशासनमार्फत प्रदेशलाई बलियो बनाउने दिशामा स्पष्ट र प्रभावकारी कदम चाल्न आग्रह गरेका छन् । प्रदेश सभाको उक्त बैठकले संघीयता कार्यान्वयन, समावेशिता र विकासका मुद्दामा अझ सशक्त बहसको आवश्यकता औंल्याउँदै सरकारलाई जनअपेक्षा अनुसार काम गर्न दबाब सिर्जना गरेको छ ।

# मधेश प्रदेशमा यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) कडा निगरानी र अनुशासनका साथ सञ्चालन गरिने

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १५ चैत्र



मधेश प्रदेशमा यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) कडा निगरानी र अनुशासनका साथ सञ्चालन गरिने भएको छ ।

परीक्षा प्रणालीलाई निष्पक्ष र व्यवस्थित बनाउन प्रदेश सरकारले विशेष रणनीति अपनाउँदै चिट चोरीविरुद्ध कडा कदम चाल्ने चेतावनी दिएको हो ।

प्रदेश सरकार अन्तर्गतको शिक्षा तथा संस्कृति मन्त्रालयले चैत १९ गतेदेखि सुरु हुने एसईईलाई लक्षित गर्दै सम्बन्धित सबै निकायलाई उच्च सतर्कता अपनाउन निर्देशन दिएको छ । आइतबार जनकपुरधाममा आयोजित तयारी बैठकमा शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारीले परीक्षा सञ्चालनमा कुनै पनि प्रकारको लापरवाही सह्य नहुने स्पष्ट पारिन् । उनका अनुसार पछिल्लो समय मधेशमा बढ्दै गएको चिट चोरीको प्रवृत्तिलाई नियन्त्रण गर्न प्रहरी, जिल्ला प्रशासन कार्यालय र शिक्षा निकायबीच सशक्त समन्वय गरिनेछ । 'परीक्षाको विश्वसनीयता कायम राख्न सबै पक्ष जिम्मेवार र कडाइका साथ प्रस्तुत हुनुपर्छ,' मन्त्री तिवारीले भनिन् । यस वर्ष विशेषगरी मोबाइल फोन, स्मार्ट वाच लगायतका विद्युतीय उपकरणको प्रयोगमाथि पूर्ण प्रतिबन्ध लगाइने भएको छ । परीक्षा केन्द्रभित्र यस्ता सामग्री फेला परेमा जफत गरेर फिर्ता नदिई सम्बन्धित पक्षको उपस्थितिमा तत्काल नष्ट गरिने चेतावनी समेत दिइएको छ । मन्त्री तिवारीले शिक्षा क्षेत्रमा ठूलो लगानी हुँदाहुँदै अपेक्षित नतिजा नआएकोप्रति चिन्ता व्यक्त गर्दै 'चिट चोरी सामान्य हो' भन्ने सोच अन्त्य गर्न कडाइ अपरिहार्य भएको बताइन् । साथै, परीक्षा केन्द्रमा हुने भनिएको मिलेमतो (सेटिङ) रोक्न केन्द्राध्यक्ष र सम्बन्धित कर्मचारीमाथि पनि विशेष निगरानी गरिने जनाइएको छ । परीक्षा अवधिभर केन्द्राध्यक्ष बाहेक अन्य कसैले पनि परीक्षा हलभित्र कुनै पनि विद्युतीय उपकरण प्रयोग गर्न नपाउने व्यवस्था गरिनेछ । आगामी चैत १९ गतेदेखि देशभर एकैसाथ सुरु हुने एसईई मधेश प्रदेशका आठवटै जिल्लामा पनि सञ्चालन हुने तयारी अन्तिम चरणमा पुगेको छ ।




GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence




# जनउत्तरदायी प्रणाली आवश्यक

नेपालमा नयाँ शक्तिहरूले वास्तवमै पुरानो राजनीतिक संस्कार बदल्नेछ कि उही चक्र दोहोरिनेछन ? यो प्रश्न सधैं उठिनै रहनेछन । यही प्रश्नको सेरोफेरोमा राजनीतिक स्थिरता वा अस्थिरता निर्भर रहने देखिन्छन ।

नेपालको राजनीतिक अवस्थालाई हेर्दा एउटा गम्भीर यथार्थ चित्रण देखिन्छ । त्यो के हो भने नेपाल लामो समयदेखि विभिन्न राजनीतिक प्रयोगको मैदान बन्यो। कहिले राजतन्त्र, कहिले पञ्चायत, कहिले बहुदलीय प्रजातन्त्र र अहिले संघीय गणतन्त्र । दरबार हत्याकाण्ड र गत भदौको विध्वंसमा देशको एक शक्ति मानिएका सेना मूकदर्शक बनेकाले अघोषित रूपमा सैनिक शासनको रिहर्सलको रूपमा बभिन्छन । अहिलेसम्म विभिन्न व्यवस्था परिवर्तन भए तापनि शासन संस्कार र राजनीतिक चरित्रमा अपेक्षित सुधार भएका छैन । यसर्थ कतिपयले नेपाललाई राजनीतिक प्रयोगशाला जस्तो भएको जनाउँछ । गत भदौको विध्वंसमाथि छानबिन गर्न बनेको कार्की आयोगको अपुरो प्रतिवेदनले दण्डहीनता, अपराध र अराजकताई संस्थागत गरेको देखिन्छ । बाह्य प्रभाव-हस्तछेप, आन्तरिक षड्यन्त्र र सत्ता केन्द्रित राजनीति मिलेर नेपालको राजनीतिक दिशालाई पटकपटक बदलिरहेको देखिन्छ ।

पहिलो, राजनीतिक संस्कार र प्रणालीको आमूल परिवर्तन नै रहेको देखिन्छ । केवल राजनीतिक व्यवस्था परिवर्तनले मात्रै समस्या समाधान हुँदैन । नव सरकार ले भ्रष्टाचार, अपराध नियन्त्रण, पारदर्शिता, जनसेवामा आधारित सुशासन, जवाफदेहिता र जनउत्तरदायी शासन प्रणाली विकास गर्न आवश्यक रहेको देखिन्छ ।

# ओलीको रिहाइको माग गर्दै जिल्ला प्रशासन कार्यालय अगाडि प्रदर्शन

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १५ चैत्र**

पूर्वप्रधानमन्त्री एवम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको रिहाइको माग गर्दै नेकपा एमाले धनुषाले आइतबार जिल्ला प्रशासन कार्यालय अगाडि प्रदर्शन गरेको छ । पार्टीका जिल्ला स्तरीय नेता तथा कार्यकर्ताहरूको उपस्थितिमा भएको प्रदर्शनका क्रममा सरकारले राजनीतिक पूर्वाग्रह राख्दै विपक्षी नेतामाथि दमन गरेको आरोप लगाइएको छ ।



प्रदर्शनकारीहरूले 'लोकतन्त्रको रक्षा गर', 'राजनीतिक प्रतिशोध बन्द गर', 'गृहमन्त्री राजीनामा दे' लगायतका नारा लगाउँदै प्रशासन कार्यालय घेराउ गरेका थिए । त्यसक्रममा उनीहरूले प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेलमार्फत प्रधानमन्त्री तथा राष्ट्रपति समक्ष ज्ञापनपत्र बुझाएका छन् । एमाले धनुषाका अध्यक्ष भोला यादवले वर्तमान सरकारले विधिको शासनभन्दा पनि शक्ति प्रयोगमार्फत राजनीतिक प्रतिशोध साँध्ने काम गरिरहेको आरोप लगाए । 'पूर्वप्रधानमन्त्री जस्तो सम्मानित व्यक्तित्वलाई लक्षित गरी गरिएको कारबाहीले देशको लोकतान्त्रिक अभ्यासमाथि नै प्रश्न उठाएको छ,' उनले भने, 'हामी तत्काल रिहाइको माग गर्दछौं ।'

ज्ञापनपत्रमा केपी शर्मा ओलीमाथि लगाइएका आरोपहरू राजनीतिक प्रेरित भएको दाबी गरिएको छ । साथै, न्यायिक प्रक्रिया निष्पक्ष र पारदर्शी हुनुपर्ने माग पनि गरिएको छ। प्रदर्शनका क्रममा सुरक्षाकर्मीहरूको बाक्लो उपस्थिति देखिएको थियो । सम्भावित अप्रिय घटनालाई मध्यनजर गर्दै प्रशासनले सुरक्षा व्यवस्था कडा पारेको थियो । प्रदर्शन शान्तिपूर्ण रूपमा सम्पन्न भएको प्रहरीले जनाएको छ । एमालेका कार्यकर्ताहरूले देशभर नै यस्ता विरोध कार्यक्रमलाई निरन्तरता दिने चेतावनी दिएका छन् । उनीहरूले सरकारलाई तत्काल आफ्ना निर्णयहरू सच्याउन आग्रह गर्दै अन्यथा कडा आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनी दिएका छन् ।


## डेंगु ज्वरोको संक्रमणबाट बच्ने उपायहरु



डेंगुबाट बच्नका लागि मुख्यतया लामखुट्टेको टोकाईबाट बच्नुपर्दछ ।
यसका लागि लामखुट्टेको नियन्त्रण नै उतम उपाय हो ।
लामखुट्टे नियन्त्रण गर्न निम्न उपायहरु अपनाऔ

## डेंगी रोग बाट कसरी बच्ने ?

- ☑ पुरा बाहुला भएको लुगा लगाउने
- ☑ झुल भित्र मात्र सुत्ने
- ☑ घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- ☑ घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- ☑ खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- ☑ घर वरिपरी पानी जम्ने ठाउँ जस्तै पोखरी, पानीको नाली,ढलमा हप्ताको २ दिन डढेको मोबिल वा मट्टितेल छर्कने गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- ☑ पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- ☑ साझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिँदा, वा पार्कमा जाँदा, बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने

अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


# नेपाल इन्भेष्टमेन्ट मेघा बैंकद्वारा आर्थिक सहयोग



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १५ चैत्र**

बर्दिवासस्थित पंचधुरा आधारभूत विद्यालयलाई नेपाल इन्भेष्टमेन्ट मेघा बैंक, बर्दिवास शाखाले आर्थिक सहयोग प्रदान गरेको छ । बैंकले आफ्नो सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत विद्यालयलाई करिब १ लाख ५० हजार रुपैयाँ बराबरको शैक्षिक सामग्री उपलब्ध गराएको हो ।

विद्यालयका प्रधानाध्यापक श्यामकुमार पौडेलका अनुसार बैंकले ट्र्याकसुट, टी-सर्ट, जुत्ता, मोजा, ब्याग, कापी, पेन्सिल, इरेजर, कटर, औजार बक्स, 'अल इन वन' पुस्तक, कलर पेनलगायत सामग्री सहयोग गरेको छ । प्रधानाध्यापक पौडेलले आर्थिक रूपमा विपन्न समुदायका बालबालिका अध्ययन गर्ने विद्यालयमा बैंकले परिचयपत्रसहित शैक्षिक सामग्री उपलब्ध गराएकोमा खुशी व्यक्त गरे। उनले सामाजिक उत्तरदायित्व अन्तर्गत हुने यस्ता सहयोगले सरकारी सहयोगको मात्र अपेक्षा नगरी अन्य क्षेत्रबाट पनि शैक्षिक विकास सम्भव रहेको देखाएको बताए ।

## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: अनावश्यक खर्चको संभावना
मिथून: लामो यात्राको योग छ
कर्कट: मनमा पछुतो आउने
सिंह: पिछडेको साथी मिल्ने
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: आम्दानी हुने
वृश्चिक: खानपानमा समस्या आउने
धनु: अनावश्यक चिन्ता
मकर: विचार गरेर बोल्नुहोला
कूम्भ: मित्रतामा फाटो आउने
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# युएईमा युक्रेनी ड्रोन प्रतिरोधी प्रणाली नष्ट गरेको इरानको दावीपछि युक्रेनको खण्डन

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ चैत्र**



शनिबार तेहरानले अमेरिकी सेनालाई सहयोग गर्न प्रयोग गरिएको युएईमा तैनाथ युक्रेनी ड्रोन प्रतिरोधी प्रणाली नष्ट गरेको बताएपछि युक्रेनले यसको खण्डन गरेको छ ।

इरानी सेनाले यसअघि युएइमा रहेको युक्रेनी ड्रोन प्रतिरोधी प्रणालीमा क्षति पुऱ्याएको दावी गरेको थियो । युक्रेनी विदेश मन्त्रालयका प्रवक्ता जर्जी टाइकीले भने, "यो झुट हो, हामी यो सूचनाको आधिकारिक रूपमा खण्डन गर्छौं ।" युक्रेनले युद्धमा रूसले प्रयोग गरेका इरानी डिजाइनबा ड्रोनहरूलाई आक्रमण गर्नबाट रोक्न ड्रोन प्रतिरक्षा प्रणाली विकास गरेको थियो । अहिले युद्धमा हतियार उपलब्ध गराएको युक्रेनको मुख्य सहयोगी अमेरिकालाई मध्यपूर्वमा सहयोग गर्न र खाडी मुलुकमा रहेका अमेरिकी सेनाको सुरक्षाका लागि ड्रोन प्रतिरोधी प्रणाली उपलब्ध गराएको इरानको दावी रहेको छ । युक्रेनले अमेरिकी सेनाका आधार शिविर रहेका खाडी देशहरूमा सुरक्षाका लागि उक्त प्रणाली उपलब्ध गराउन त्यस क्षेत्रका युएई, साउदी अरब, कतार लगायतका देशलाई उक्त प्रणाली दिन सम्झौता गरेको समाचारहरू बाहिरिएका समय युक्रेनी ड्रोन प्रतिरोधी प्रणाली नष्ट गरेको दावी र यसको खण्डन आएका हुन् ।

इरानको केन्द्रीय सैन्य कमान्डले खातम अल-अनबियाले युएईको एउटा डिपो ध्वस्त पारेको बताएपछि युक्रेनी विदेशमन्त्रीले आफ्नो प्रणालीमा केही नभएको दावी गरेका हुन् ।

# केपी शर्मा ओलीको रिहाइको माग गर्दै नेकपा एमाले महोत्तरीको जिल्ला प्रशासन कार्यालय अगाडि प्रदर्शन

**मो.इर्शाद**
**महोत्तरी, १५ चैत्र**



पार्टीका जिल्ला स्तरीय नेता तथा कार्यकर्ताहरूको उपस्थितिमा भएको प्रदर्शनका क्रममा सरकारले राजनीतिक पूर्वाग्रह राख्दै विपक्षी नेतामाथि दमन गरेको आरोप लगाइएको छ।

प्रदर्शनकारीहरूले 'लोकतन्त्रको रक्षा गर', 'राजनीतिक प्रतिशोध बन्द गर', 'गृहमन्त्री राजीनामा दे' लगायतका नारा लगाउँदै प्रशासन कार्यालय घेराउ गरेका थिए। त्यसक्रममा उनीहरूले प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव मार्फत प्रधानमन्त्री तथा राष्ट्रपति समक्ष ज्ञापनपत्र बुझाएका छन्। एमाले महोत्तरीका अध्यक्ष बलिराम यादवले वर्तमान सरकारले विधिको शासनभन्दा पनि शक्ति प्रयोगमार्फत राजनीतिक प्रतिशोध साँध्ने काम गरिरहेको आरोप लगाए । 'पूर्वप्रधानमन्त्री जस्तो सम्मानित व्यक्तित्वलाई लक्षित गरी गरिएको कार बाहीले देशको लोकतान्त्रिक अभ्यासमाथि नै प्रश्न उठाएको छ,' उनले भने, 'हामी तत्काल रिहाइको माग गर्दछौं । ज्ञापनपत्रमा केपी शर्मा ओलीमाथि लगाइएका आरोपहरू राजनीतिक प्रेरित भएको दाबी गरिएको छ। साथै, न्यायिक प्रक्रिया निष्पक्ष र पारदर्शी हुनुपर्ने माग पनि गरिएको छ। प्रदर्शनका क्रममा सुरक्षाकर्मीहरूको बाक्लो उपस्थिति देखिएको थियो । सम्भावित अप्रिय घटनालाई मध्यनजर गर्दै प्रशासनले सुरक्षा व्यवस्था कडा पारेको थियो। प्रदर्शन शान्तिपूर्ण रूपमा सम्पन्न भएको प्रहरीले जनाएको छ। एमालेका कार्यकर्ताहरूले देशभर नै यस्ता विरोध कार्यक्रमलाई निरन्तरता दिने चेतावनी दिएका छन्। उनीहरूले सरकारलाई तत्काल आफ्ना निर्णयहरू सच्याउन आग्रह गर्दै अन्यथा कडा आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनी दिएका छन्।

# चालीस अर्ब निक्षेप खिच्दै राष्ट्र बैंक

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ चैत्र**



नेपाल राष्ट्र बैंकले आइतबार ४० अर्ब निक्षेप खिच्दैछ । अधिक तरलता कायमै रहेपछि २१ दिनका लागि राष्ट्र बैंकले आइतबार पुनः निक्षेप संकलन उपकरण बोलकबोलमार्फत निक्षेप खिच्न लागेको हो ।

अहिले कुल निक्षेप ७७ खर्ब भन्दा बढी पुगेको छ। केन्द्रिय बैंकले वित्तीय प्रणालीको अधिक तरलता र ब्याजदर व्यस्थापनका लागि निक्षेप संकलन उपकरण र स्थायी निक्षेप सुविधामार्फत तरलता खिच्दै आएको छ । बोलकबोलमा राष्ट्र बैंकबाट इजाजतप्राप्त 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थामात्र सहभागी हुन पाउनेछन् । दीर्घकालीन निक्षेप संकलन रकम बाँडफाँट गर्दा काउण्टर पार्टीहरूले बोल गरेका ब्याजदरअनुसार सबैभन्दा कम दर बोल गर्ने रकम प्राथमिकता क्रममा राखी आह्वान गरेको रकमसम्म क्रमशः बाँडफाँट गरिनेछ ।

निक्षेप चुलिँदा अनलाइन खरिद प्रणालीमार्फत बोलकबोल गर्न लागिको छ र ब्याजदर बोलकबोलको माध्यमबाट निर्धारण हुनेछ भने आइतबार बोलकबोल हुने निक्षेप संकलन उपकरणको सावाँ तथा ब्याज २०८३ वैशाख ६ गते भुक्तानी हुने राष्ट्र बैंकले जानकारी दिएको छ।

बोल गर्न सकिने रकम न्युनतम १० करोड रुपैयाँ र अधिकतम् पाँच करोड रुपैयाँले भाग गर्दा निःशेष भाग जाने गरी कुल आह्वान रकमसम्म हुनेछ।

# स्पीनर चम्किँदा पीएम कपमा गण्डकी प्रदेशको ऐतिहासिक जित

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ चैत्र**



गण्डकी प्रदेशको क्रिकेट टोलीले पीएम कपकै ऐतिहासिक जित हासिल गरेको छ । तल्लो मुलपानी क्रिकेट मैदानमा विभागीय टोली एपीएफ क्लबलाई हराउँदै गण्डकीले इतिहास रचेको हो ।

गण्डकीले पीएम कपको इतिहासमै पहिलोपटक कुनै विभागीय टोलीलाई पराजित गरेको हो । वर्षापछिको वेट आउटफिल्डका कारण ढिला टस भएर २१ ओभरमा घटाइएको खेलमा गण्डकीले एपीएफमाथि ४३ रनको जित हासिल गऱ्यो । राष्ट्रिय टिमका कप्तान रोहित पौडेलसहित अन्तर्राष्ट्रिय अनुभव भएका खेलाडी सम्मिलित एपीएफको टोलीलाई हराउन गण्डकीका स्पीन बलरको शानदार प्रदर्शन रह्ऱ्यो । ब्याटरले पनि राम्रो प्रदर्शन गरे । ब्याटिङमा गौरव विक, दीपक डुम्रे, अर्जुन कुमाल र बिपिन खत्रीले आ-आफ्नो तर्फबाट योगदान दिए। टी-२० सरहकै खेलमा १५० रनको योगफल चूनौतीपूर्ण थियो। बलिङमा सुरुवातदेखि नै स्पीनर चम्किए । अपराजित पौडेल र सिब्रिन श्रेष्ठ मिलेर एपीएफको टप अर्डर ध्वस्त बनाएका थिए । सुवास भण्डारीले पनि उस्तै लय देखाए र एपीएफलाई कुनै मौका दिएनन्। बाँयाहाते स्पीन बलर बिपिन खत्री नै कप्तान रहेको गण्डकीका लागि स्पीन बलर नै चम्किए र विभागीय टोली एपीएफलाई हार चखाए ।






# सत्ताको शिखरमा बालेन शाह

- नेपालमा विद्यमान विभिन्न धर्म-सम्प्रदायका प्रतिनिधिहरूको मंगल-कामनाका बीच शुक्रबारको शुभसाइतमा वालेन्द्र शाहले नेपालको प्रधानमन्त्रीका रूपमा सत्य-निष्ठाको शपथ लिएका छन्। राष्ट्रपति भवनको प्रांगणमा आयोजित त्यो भव्य शपथ ग्रहण समारोहमा विभिन्न धर्म-सम्प्रदायका प्रतिनिधिहरूले मंगलगान गाएका थिए। गणतान्त्रिक संविधान अनुसार नेपाल धर्म निरपेक्ष देश हो।

एमाले अध्यक्ष केपी ओलीका विरुद्ध झापाबाट चुनाव लड्ने बालेन शाहको निर्णयको प्रभाव चामत्कारिक रह्यो। अध्यक्ष ओलीलाई मत दिँदै आएका मतदाताहरू बालेनका पक्षमा ओइरिनु झापाका कम्युनिस्ट र कांग्रेसका लागि आश्चर्यजनक अनुभव थियो। तर, यहाँका बहुसंख्यक जनता हिन्दु भएकाले होला, अल्पसंख्यक धार्मिक समुदाय 'इस्लाम' र 'खिस्तान' सम्प्रदायको प्रतिनिधिहरू त्यो भव्य समारोहमा देखिएनन्। यस्ता भव्य आयोजनामा सानातिना त्रुटि त भइहाल्छन्। नेपाली जनता समारोहका आयोजकहरूको सानातिना 'कमीकमजोरी' माथि त्यति ध्यान पनि दिँदैनन्। समारोह भव्य भयो कि भएन ? उनीहरूको ध्यान त्यसैमा लागेको हुन्छ। यस्ता आयोजनामा भएका सानातिना 'रौंचिरा' त्रुटि औंल्याउनुको खासै अर्थ पनि छैन।

बालेन शाह प्रधानमन्त्रीको कुर्सीमा बसेपछि मधेश र पहाड दुवैतिरका जनता पुलकित भएका छन्। मधेश त चुनावभन्दा पहिलेदेखि नै बालेनको नाममा तातेको थियो। नेपाली राज्यसत्ताको इतिहासमा मधेशका कुनै पनि व्यक्तित्वले प्रधानमन्त्रीको पद पाएका थिएनन्। बालेन शाह प्रधानमन्त्रीका उम्मेदवारका रूपमा प्रस्तुत हुनेबित्तिकै मधेशीहरू उनको विजयका लागि 'चुपचाप' एकजुट भएका थिए। एमाले अध्यक्ष केपी ओलीका विरुद्ध झापाबाट चुनाव लड्ने बालेन शाहको निर्णयको प्रभाव चामत्कारिक रह्यो। अध्यक्ष ओलीलाई मत दिँदै आएका मतदाताहरू बालेनका पक्षमा ओइरिनु झापाका कम्युनिस्ट र कांग्रेसका लागि आश्चर्यजनक अनुभव थियो। बालेनले झापामा गाडिएको एमाले अध्यक्ष खड्गप्रसाद शर्मा ओलीको विजय पताका झुकाइदिए। वास्तवमा, फागुनमा सम्पन्न चुनावले ओलीको मात्र होइन, नेपाली कांग्रेसका प्रभावशाली नेता गगन थापाको समेत हुर्मत लियो। चुनाव लड्न सर्लाही पुगेका थापाले अमरेश सिंहसँग लज्जास्पद पराजय भोग्नुपर्‍यो। माओवादीका नेता प्रचण्ड मात्रै पराजित हुनबाट जोगिए। बालेन शाहको सत्तारोहणको पृष्ठभूमि गत भदौमा भएको जेन-जी विद्रोह र त्यो विद्रोहका नाममा भएको नरसंहार र विनाश हो।

प्रधानमन्त्रीका रूपमा वालेन्द्र शाहको दायित्व त्यो दुर्घटनाका कारण जनताको मनमस्तिष्कमा लागेको चोटको तत्काल उपचार हो। सम्भवतः यो विद्रोहको 'वास्तविकता' बुझेर नै प्रधानमन्त्री बालेन शाहले सत्तारोहणको भोलिपल्ट शनिबार बिहानै, विद्रोहकालका प्रधानमन्त्री तथा एमालेका स्वनामधन्य नेता ओली र उनको मन्त्रिपरिषद्मा गृहमन्त्री रहेका रमेश लेखकलाई गौरीबहादुर कार्की आयोगको प्रतिवेदनका आधारमा गिरफ्तारीको आदेश दिए। 'भद्रकाली' केन्द्रको सहमतिबिना उनले यस्तो आदेश पक्कै दिएका थिएनन्। यसले जेन-जी आन्दोलनका नाउँमा वितण्डा मच्चाउनेहरूको अहंकारको तुष्टि पक्कै गर्‍यो होला। तर, सामान्य जनताबाट यसको प्रतिक्रिया कस्तो आउनेछ ? त्यो हेर्न बाँकी नै छ।

अहिलेको परिप्रेक्ष्यमा, शासक दलका रूपमा नाम कमाएका कांग्रेस, एमाले र माओवादी- तीनवटै प्रमुख राजनीतिक दलहरू अस्तव्यस्त छन्। एकताको अभावमा यी तीनवटै पार्टी बिलखबन्दमा परेका छन्। नेपालमा गणतन्त्र स्थापनाका नायक माओवादी पार्टीका अध्यक्ष प्रचण्ड राजनीतिक हिसाबले बिलखबन्द अवस्थामा छन्। बाहिरबाट 'एकीकृत' देखिए पनि एमाले त्यति बलियो छैन, जति बखान गरिन्छ। नेपाली कांग्रेसलाई कांग्रेसका नेताहरूले नै कमजोर बनाएका छन्। शेरबहादुर देउवाको नेतृत्व क्षमतालाई चुनौती दिने जमातका नेताहरू आफैं बिलखबन्द अवस्थामा छन्। नेपाली जनताका जनजीवनका लागि आवश्यक पर्ने सुविधाहरूसमेत जुटाउन सक्ने क्षमता विगतका सरकारहरूमा रहेर शासन गर्नेहरूमा देखिएन। देश उनीहरूकै कारण अधोगति उन्मुख भएको हो।

बितेका तीन दशक लामो समयमा माओवादी, एमाले र कांग्रेस पार्टीका सरकारहरूले देशभित्रै पसिना बहाएर जीवन चलाउने अवस्था सिर्जना गर्न सकेनन्। आन्तरिक स्रोत र साधनहरूको विकासमा कुनै पनि सरकारको ध्यान गएन। राष्ट्रिय सम्पत्तिको व्यापक दुरुपयोगलाई कुनै पनि सरकारले रोक्न सकेनन्। काम गर्न सक्ने जनशक्तिलाई कमाराका रूपमा विदेश पठाउने र त्यसैको राजस्वबाट देश बनाउने सपना देखेका नेताहरूका कारण देशले अनेकौं विग्रहको अवस्था बेहोर्नुपरेको तथ्यलाई इन्कार गर्न सकिँदैन। राष्ट्रिय सम्पत्तिको व्यापक दुरुपयोगलाई कुनै पनि सरकारले रोक्न सकेनन्।

**सांभार : कान्तिपुर।**




## ई.स्कुटर हरायो

मेरो निम्न व्यहोरा भएको जिल्ला धनुषा, जनकपुरधाम उपमहानगरपालिका वडा नं. १ रेल्वे स्टेशन नजिक तरकारी बजारबाट मिति २०८२।१२।१३ गते मधेश प्र.०२-००७ प ९०२६ नम्बरको ईन्जिन नं. १२zw७२७१३२७ye–DKRPA००५१६c, चेचिस नम्बर LRucwUKA५p ६४८१८५१ को Wuxi Yadea Explmp कम्पनीको ईलेक्ट्रिक स्कुटर हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिन हुन अनुरोध छ।

**नाम :-महावीर ठाकुर**

**ठेगाना :-जनकपुरधाम उपमहानगरपालिका-०१**

**मो.न. :-९८५४०२६६५७**










प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday